# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, नेपाल
## BHARATPUR METROPOLITAN CITY
### Office of Municipal Executive
Bharatpur, Chitwan, Nepal


मिति:२०८०।०३।२१

प.सं.०७९।०८०(सा.सु. तथा पञ्जीकरण)
च.नं. १०५८

**विषय: सामाजिक सुरक्षा भत्ता नविकरण सम्बन्धमा।**

श्री वडा कार्यालय (१-२९)सबै
भरतपुर महानगरपालिका।

प्रस्तुत सम्बन्धमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको प.सं. ०७९/८० च.नं. १६० मिति २०८०/०३/०३ को परिपत्रानुसार सामाजिक सुरक्षा नियमावली, २०७६ को मिति २०७९/६/१० मा भएको दोस्रो शंसोधन अनुसार नियम (९)को उपनियम (१) को "नियम ८ बमोजिमको परिचयपत्र प्रत्येक आर्थिक वर्षको कार्तिकमसान्त भित्र नविकरणका लागि सामाजिक सुरक्षा भत्ता पाउने व्यक्ति आफै उपस्थित भई सम्बन्धित वडा कार्यालयमा निवेदन दिनु पर्नेछ"भन्ने साविकको ब्यवस्थामा संशोधन भई भदौ मसान्तसम्म निवेदन दिनु पर्ने प्रावधान रहेको र सो ब्यवस्था आगामी आर्थिक बर्ष २०८०/८१ देखि लागुहुने व्यहोरा विदितै होला। नियमावलीको सो व्यवस्था सम्बन्धित वडा कार्यालय मार्फत सम्पुर्ण लाभग्राहीहरुलाई जानकारी गराई सामाजिक सुरक्षा भत्ता नविकरण फाराम अनिवार्य रुपमा भराई सामाजिक सुरक्षा भत्ताको नविकरण गर्नु गराउनु हुन साथै नविकरण सम्बन्धी फाराम सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधी २०७७ को अनुसुची -२ बाट प्राप्त गर्न सकिने व्यहोरा अनुरोध गरिन्छ। श्रावण १ गते बाट सुरुहुने नविकरण सम्बन्धी कार्यको अनुगमनमा कमी कमजोरी पाईएमा वडा सचिवज्यूहरु जिम्मेवार हुनेहुदा सचेत भई नविकरणको काम गर्नु गराउनुहुन अनुरोध गरिन्छ।

..........२०८०।३।२१
(भोजराज रेग्मी)
अधिकृतस्तर छैठौं
सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा